**दिवस राजा केसी र नयनतारा गुरुङ कक्षपति, क्युरेटर्स । सन् २०२३ । *सार्वजनिक जीवनमा महिला* । काठमाडौँ : नेपाल पिक्चर लाइब्रेरी ।**

मंगलादेवी । बेन्जु शर्मा । नानीमैँया दाहाल । भगिरथी श्रेष्ठ । ...

कहीँ कतै सुनेका नामहरू । सञ्चार माध्यमले यदाकदा मात्रै लिने त्यस्ता नाम, जुन सुन्दा दिमागमा फ्याट्ट कुनै ठोस आकृति वा चित्र झुल्कँदैन । त्यस्ता नाम, जुन सार्वजनिक रूपमा लिइँदा मूल कर्ताको कथामा सहायक पात्र भएर आउँछन् र चाँडै सामूहिक स्मृतिबाट बिलाउँछन्; जसलाई फेरि सम्झनु पर्दा नामथर सग्लै मिलाउन सकस हुन्छ । त्यस्ता नाम, जसलाई खास काम नपरेसम्म कौतुहलवश गुगल गरेर हेर्रिँदैन ।

नेपाल पिक्चर लाइब्रेरीले सेप्टेम्बर २०२३ मा प्रकाशित गरेको *सार्वजनिक जीवनमा महिला : महिलावादी स्मृतिको एक पहल*ले स्मृतिबाट धमिलिँदै गएका यी र यस्तै नामहरूलाई इतिहासका पादटिप्पणीबाट झिकेर तिनलाई पुनःजागृत गराएको छ । केही जल्दाबल्दा नामको सदाबहार सार्वजनिक प्रतीमालाई बहुआयामिक रङ दिने काम पनि गरेको छ । जस्तै : फराकिलो निधार, तेलले सिनित्त पारेको घुम्रेको कपाल, छड्के सिँउदो अनि खास्टोले आधा छोपेको गम्भीर अनुहार धेरैका लागि पारिजातको एक्लो र अन्तिम पहिचान हो । सुकन्या वाइवाले जतनसाथ दराजमा राखेका पारिजातका फोटाहरू यसै किताब मार्फत हाम्रो हातमा पनि आइपुगेका छन्, जहाँ उनी हाँसेकी छन्, "पोज" दिएकी छन् र टाउकोबाट पछ्यौरी हटाएकी छन् ।

यो किताब नेपाल पिक्चर लाइब्रेरीले महिलावादी अनुभवहरूको "खुल्ला दृश्य-सामग्री संग्रह" बनाउने उद्देश्य सहित सन् २०१८ मा शुरू गरेको *फेमिनिष्ट मेमोरी प्रोजेक्ट*को उपज हो । प्रकाशकका अनुसार पाँच वर्षको अन्तरालमा संकलित ८,००० तस्बिरजन्य अभिलेखलाई विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रदर्शनी पश्चात् छाँटेर तीमध्ये ६ सयलाई यो फोटो-किताबको रूप दिइएको हो । यस परियोजनाका प्रबन्धक तथा संकलक दिवस राजा केसी र नयनतारा गुरुङ कक्षपति हुन् भने सामग्री संकलनमा दर्जन बढी अनुसन्धाताको संलग्नता रहेको छ ।

किताबलाई मोटामोटी पाँच भागमा बाँडिएको छ । पहिलो र सबैभन्दा लामो खण्ड (१५८ पृष्ठको) "जनताका माझ महिला" शीर्षकमा संकलित तस्बिरहरू नेपालमा लोकतन्त्रको उदय र त्यसलाई संस्थागत गर्ने संघर्षमा महिलाहरूले खेलेको भूमिकामा केन्द्रित छ । नेपाली महिला आन्दोलन र बृहत् लोकतन्त्रिक आन्दोलनको अन्तरसम्बन्ध झल्काउने सामग्री यसमा संगृहीत छन् । दोस्रो खण्ड "टुकीको उज्यालोमा पढ्दै" रहेको छ । ८६ पृष्ठ लामो यो खण्डमा विद्यालय शिक्षाको आगमनले महिलाका लागि कसरी राजनीतिक वृत्तभन्दा फरक प्रकृतिको सार्वजनिक जीवनको ढोका खोल्यो भन्ने वृत्तान्त भेटिन्छ । तेस्रो खण्ड "महिलाका रचना" ९६ पृष्ठको छ, जसमा शिक्षाले खोलेको ढोकाबाट महिलाहरू सिर्जना र ज्ञान उत्पादनको दुनियाँमा प्रवेश गरेको चर्चा छ । चौथो खण्ड "महिलाका लागि महिला" मा नागरिक समाजका संस्था तथा कानूनी लडाइँ मार्फत महिलावादी आन्दोलनले मारेको फड्कोका केही प्रतिनिधि तस्बिर समेटिएका छन् । यो खण्ड ८४ पृष्ठ लामो छ । पाँचौँ खण्ड "संसार डुल्दा" सबैभन्दा छोटो (६७ पृष्ठको) छ, जसमा घरबाहिरको यात्रासँग समानान्तर महिलाको सार्वजनिक जीवनको यात्रा कोर्ने जमर्को भेटिन्छ ।

सन् २०१८ मा फोटो प्रदर्शनीका रूपमा शुरू भएको यस परियोजनाले फोटो मार्फत नेपाली महिलावादी अनुभवको अभिलेखीकरण गर्ने लक्ष्य लिएको छ । पछिल्लो समयमा

संस्मरण, आत्मकथा लगायत विभिन्न रचनात्मक विधि मार्फत आम महिलाका अनुभव, भोगाइ, संघर्ष, योगदान र चुनौतीका कथाहरूलाई पुस्तकाकार दिएर अभिलेखबद्ध गर्ने क्रम बढेको छ । *स्वअस्तित्वको खोज; स्मृतिकथामा सत्व; हजुरआमाका कथा; म : १३ छोटा कथाहरूको संग्रह* (पहिलो र दोस्रो शृंखला); *युद्धका ती दिन; न्याय; फ्रम रिभल्युशनरी टु फर्स्ट लेडी; सिंहदरबारको घुम्ने मेच; मिडिया, महिला र म;* आदि यस्ता केही प्रतिनिधि उदाहरण हुन् । मार्टिन चौतारीले वि.सं. २०७८ मा प्रकाशन गरेको *समानताको रिले दौड*ले पनि नारीवादी इतिहासको अभिलेखीकरणको लक्ष्य लिएको थियो । यो पुस्तकमा नेपाली महिला आन्दोलनका विभिन्न क्षेत्रमा सक्रिय १२ महिलाका अन्तर्वार्ता संगृहीत छन् । र, निजी वृत्तबाट सार्वजनिक वृत्तसम्मको महिला-यात्राको दौरान उनीहरूले गरेका संघर्ष, योगदान र व्यक्तिगत अनुभव अन्तर्वार्ता मार्फत अभिलेखबद्ध गरिएका छन् ।

यो फोटो किताबलाई सोही बृहत् दस्तावेजीकरण प्रक्रियाको थप एक इँटाको रूपमा हेर्नु उपयुक्त हुन्छ । अभिलेखीकरणका लागि यसले चुनेको दृश्य-विधा नेपाली (महिलावादी) इतिहासमा नौलो हो । *समानताको रिले दौड*को परिचय खण्डमा इतिहासको दस्ताबेजीकरणमा अन्तर्वार्ता विधिको सीमाका सन्दर्भमा सह-सम्पादक सावित्री गौतमले महिलाको इतिहासको अभिलेख नै कम भएको हुनाले प्रमाणीकरणका लागि पर्याप्त सन्दर्भ सामग्री नभेटाएको गुनासो गरेकी छन् (गौतम २०७८) । नेपाली महिला आन्दोलनको अभिलेखीकरण प्रक्रियामा समृद्ध दृश्य-भण्डार तयार गरेर यो पुस्तकले लिखित इतिहासको परिपूरकको रूपमा महत्त्वपूर्ण योगदान गरेको छ । महिलाहरूले सिर्जेका अक्षरहरूमा चित्र भरेर यसमा संगृहीत तस्बिरहरूले ती अक्षरलाई थप जीवन्त तुल्याएका त छन् नै, सँगै महिलाको देन, संघर्ष र त्यागको वस्तुगत प्रमाण पनि पस्किएका छन् । दृश्य वा चित्रको माध्यमबाट सोच्ने मानवीय प्रवृत्ति नै हो । यो किताबले उपलब्ध गराएको बलियो दृश्य-भण्डारले इतिहासलाई फरक ढंगले हेर्न सघाउनुका साथै हाम्रो कल्पनालाई फराकिलो बनाउन पनि मद्दत गर्छ ।

लिखित दस्ताबेजको पूरकका रूपमा रहेरै पनि अभिलेखको रूपमा तस्बिरको जुन शक्ति छ त्यसले यो किताबमा जादुमयी काम गरेको छ । नेपालको लोकतान्त्रिक संघर्षको इतिहासमा पुरुषहरूको "देन" को जुन एकांगी गाथा र भाष्य थियो, त्यसलाई यो किताबले अकाट्य प्रमाण मार्फत चिरेको छ । महिलाहरू कहाँ छन् (वा थिए) भन्ने प्रश्नलाई यसले चुनौती दिन्छ । पारिवारिक, आर्थिक र सामाजिक जिम्मेवारी सहजै बोकिदिने महिला भएकैले ढुक्कसँग सार्वजनिक जीवनमा सक्रिय हुन पाएका पुरुषसित यी तस्बिरले महिलाको श्रमको सामाजिक तथा ऐतिहासिक हिसाब माग्छन् । साथै, सार्वजनिक जीवनमा सक्रिय महिलाहरूले व्यक्तिगत तथा सामाजिक तवरमा गुमाउनु परेका विविध पक्षहरूको पनि यथोचित मूल्यांकनको माग गर्छन् ।

सार्वजनिकताको फराकिलो परिभाषा यो पुस्तकको अर्को सुन्दर पक्ष हो । सार्वजनिक जीवनको परिकल्पना गर्दा सामान्यतया सडक, समूह र (मर्दांगी) कठोरता जस्ता दृश्य हाम्रो दिमागमा आउँछन् । तर, नेपाली सन्दर्भमा महिलाको लागि "सार्वजनिक हुनु" को अर्थ के हो ? यो के-कति अर्थमा पुरुषका लागि "सार्वजनिक हुनु" भन्दा फरक छ ? सार्वजनिक जीवन रोजेका सबैलाई समाजले सार्वजनिक व्यक्तित्व "बनाउँछ" नै भन्ने छैन । त्यसैले पनि सार्वजनिक हुनु र सार्वजनिक व्यक्ति बन्नु फरक कुरा हुन् । महिलाहरूका लागि सार्वजनिक जीवन अँगाल्नु र सार्वजनिक व्यक्तित्वका रूपमा स्वीकारिनु बीचको लामो दूरी र त्यसको उतारचढावलाई पनि यस किताबले सार्वजनिकताको बृहत् व्याख्याभित्र ओगटेको छ । सार्वजनिक कर्ममा लागेका महिलाहरूमध्ये नै पनि को सार्वजनिक बने र को बनेनन् भनेर यिनै तस्बिरलाई सन्दर्भ मानेर केलाउने हो भने पनि (कतिपय) महिलाको हकमा सार्वजनिकता एउटा चुनौतीपूर्ण यात्रा मात्र होइन, विशेषाधिकार (प्रिभिलेज) पनि रहेछ भन्ने कुरा छर्लंग हुन्छ ।

त्यसैले, आँखाले भ्याउन्जेल भीडलाई माइकमा सम्बोधन गरिरहेका महिला मात्र हैन, कोखामा केटाकेटी च्यापेर पर्चा समात्न पुगेका महिलाले पनि यस अभिलेखमा उत्तिकै सार्वजनिक "माइलेज" पाएका छन् । भानुभक्तलाई चुनौती दिन भनेरै हाँसेको फोटो खिचाउने महिलादेखि सारी उचालेर समुद्री किनारमा पहिलो पटक विचरण गर्दै गरेका महिला पनि समेटिएका छन् । साहना प्रधान र अष्टलक्ष्मी शाक्यदेखि राजा महेन्द्रले सत्ता हत्याएको विरोधमा आन्दोलन गर्न काठमाडौँ आइपुगेकी नुवाकोटकी प्रेमकुमारी तामाङसम्म यसमा अटाएका छन् ।

महिलाका लागि सार्वजनिक जीवन अँगाल्नु जति राजनीतिक कुरा हो त्यति नै वैयक्तिक कुरा पनि हो । त्यसैले यस अभिलेखका संकलकहरू सार्वजनिकताको "महिलावादी अनुभव" खोज्दै महिलाहरूको दैनन्दिनको जीविकादेखि शहरबजारका फोटो स्टुडियो, होस्टेलका सामूहिक शयनकक्ष र व्यक्तिगत बैठक कोठासम्म पुगेका छन् । सार्वजनिकताको बृहत् क्यानभासभित्र प्रेम पत्रदेखि गुहार पत्र र परिवारसँग विद्रोह गरेबापत बाउले छोरीका नाममा काट्न लगाएका पक्राऊ पूर्जीसम्म छन् । किशोरावस्थामा प्रवेश गर्दै गरेकी छोरीलाई महिनावारीबारे आमाले लेखेका चिठीदेखि मृत श्रीमान्लाई भेट्न निस्किएकी श्रीमतीको आत्महत्या नोट समेत छन् । जंगलमा निन्द्रा नलाग्दा टर्च बालेर कोरिएजस्ता लाग्ने "जनयुद्ध" का डायरीदेखि महिला संगठनहरूले चन्दा उठाएर किनेका चार थान टाइपराइटरको बिल भौचर पनि समाहित छन् ।

सार्वजनिकीको अवधारणा आफैमा पनि नेपाली समाजको लागि सहज परिकल्पना होइन । महिलाका लागि त हिजोका दिनमा यो वर्जित विषयजस्तै थियो किनभने सार्वजनिकताले त्यस्ता चरण वा प्रक्रिया पार गर्नुपर्ने शर्त राख्छ जुन महिलाका लागि

समाजले निर्धारण गरेको सामाजिक लैंगिक भूमिका र मूल्य-मान्यतासित मेल खाँदैनन् । सीमित व्यक्तिको मात्र पहुँच, नियन्त्रण र नियमनबाट धेरैको माझ जानु; आफ्नो "एजेन्सी" स्थापित गर्नु; शक्ति सञ्चय गर्नु; प्रशंसक वा शुभेच्छुक कमाउनु र आफ्ना लागि (वा आफ्नो सत्य) आफैले बोल्नु जस्ता कुराहरू जोडिएर आउने हुँदा महिलाको सार्वजनिक पहिचानले समाजको असमान शक्ति-संरचनालाई चुनौती दिन्छ । त्यसैले पनि सार्वजनिक उपस्थिति नेपाली महिला आन्दोलनको मुख्य रणनीति बनेको कुरा स्वाभाविक लाग्छ । सार्वजनिक बन्नु भनेको आफ्नो समुदाय बनाउनु पनि हो—त्यस्तो सहयोग-संरचना जसमा आवश्यक पर्दा अडेस वा ओत लाग्न पाइयोस् । यस किताबले सार्वजनिकताको अर्थ खोतल्दै गर्दा नेपाली महिलाहरूको सामुदायिकता (औपचारिक अनौपचारिक दुवै) को कथा पनि छुटाएको छैन ।

झट्ट हेर्दा ५५८ पृष्ठको यो पुस्तक एउटा मोटो फोटो एल्बमजस्तो लाग्छ । सजिलै झोलामा बोकेर हिँड्न मिल्ने भन्दै हिसिला यमिले यसको छरितो बनोटको प्रशंसा गरेकी छन् (यमि सन् २०२३) । तस्बिरहरूलाई व्यक्तिगत तथा संस्थागत नाममा नै संगृहीत गरिएको छ, जुन योगदानकर्ता प्रतिको सम्मान त हो नै, आफैमा अर्को अभिलेख पनि हो । पुस्तकले समेटेको अथाह सामग्रीले गर्दा अनुक्रमणिका निकै उपयोगी भएको छ । डिजिटलीकरणले तस्बिरको मर्मलाई आघात नपारिकनै दृश्य-अनुभवलाई समेत उकासेको छ (हेर्नुहोस्, पृ. १३४–१४२) ।

तस्बिर खिचाउनु सामाजिक-आर्थिक हैसियतको द्योतक हुने काल र समाजको "महिलावादी अनुभव" तस्बिर मार्फत खोज्दा एउटा सिंगो तप्काका महिलाको संघर्ष र देनलाई अनदेखा गरिएको हुन्छ । यस अर्थमा प्रबन्धकहरूले सानोठूलो जोखिम उठाएकै हुन् । किताबमा ग्रामीण महिलाहरू छुट्न सक्ने सम्भावनालाई प्रबन्धक आफैले पनि स्वीकारेकै छन् । सायद त्यसैले आमा समूह तथा किशोरी क्लबजस्ता महिला समूहलाई अभिलेखले समेट्न सकेको छैन । पछिल्लो समयमा राजनीतिक आन्दोलन बाहेक ग्रामीण महिलालाई सार्वजनिक जीवनतिर डोहोर्‍याउनमा आमा समूहहरूको विशेष देन छ । महिला ऐक्यबद्धता निर्माणमा पनि यिनको भूमिका कम आँक्न मिल्दैन । त्यस्तै, लाहुरेका श्रीमती आफ्ना श्रीमान्सँग विदेशिने चलनले पनि महिलाहरूलाई नयाँ संसार देख्ने अवसर दिएको थियो । किताबको "संसार डुल्दा" खण्डमा यसलाई झल्काउने तस्बिर समेट्न सकेको भए तिनले महिलाको सार्वजनिकीको अनुभवमा नयाँ आयाम थप्न सक्दथे ।[1] यति हुँदाहुँदै पनि

[1] नेपाली महिलाहरूको बसाइसराइँको इतिहास केलाउने सन्दर्भमा ब्रिटिश लाहुरेका परिवारको रूपमा इच्छाले वा बाध्यताले नितान्त फरक किसिमको जीवनयापन अँगाल्न पुगेका महिलाहरूको भोगाइबारे जान्न शर्मा (सन् २०२२) हेर्नुहोस् ।

महिलावादी इतिहासलाई बहुआयामिक र अन्तरसम्बद्धताको दृष्टिकोणबाट हेर्न प्रबन्धकले गरेको प्रयास भने किताबमा राम्रैसँग झल्कन्छ ।

पुस्तकमा नेपाली र अंग्रेजी दुवै भाषामा पाठ दिइए तापनि नेपाली अनुवाद क्लिष्ट छ, विशेषतः संग्रहको अन्त्यमा भएको प्रबन्धकद्वय बीचको संवाद । वाक्यहरू अनावश्यक लामा छन् र शब्द चयन औपचारिक छ । तर, यसो भनिरहँदा के पनि मनन गर्नुपर्ने हुन्छ भने सम्बद्ध विषयहरूमा हाम्रा अवधारणा (र यसैले संवादको लागि शब्दभण्डार) सामान्यतः पश्चिमा प्राज्ञिक बहसबाट लिइने हुँदा ती विषय र सन्दर्भलाई बुझाउन नेपाली बोलीचालीको भाषा भेटाउन कठिन छ । नेपाली भाषाको सम्पादनमा पनि त्रुटि देखिन्छन् ।

कतिपय ठाउँमा तस्बिरहरूको सन्दर्भ-स्रोत उल्लेख गरिएको छैन, कुनै कुनैमा अस्पष्ट छ । कतिपय फोटोका पात्रहरूको पहिचान खुलेको छैन । परिचय विनाको अभिलेख पल्टाउँदा अलि असहज हुन्छ (जस्तै : पृ. ८९–९६, १३४–१४२) । यस्ता फोटोमा केही टिप्पणी दिन सकेको भए पाठकले यो असहजताबाट मुक्ति पाउनुका साथै तीबारे सूचना भएका पाठकले प्रकाशकलाई सम्पर्क गर्ने बाटो पनि खुल्थ्यो । तथापि, नाम पत्ता नलागेकै कारणबाट मात्र महिलावादी इतिहासमा यी महिलाहरूको उपस्थिति र देनलाई नजरअन्दाज नगरी यथोचित ठाउँ दिने प्रबन्धकद्वयको निर्णय सराहनीय छ ।

किताबमा उल्लिखित घटनाहरूको मिति इस्वी संवत्मा मात्र छ । विक्रम संवत्मा पनि राख्न सकेको भए आम पाठकलाई उल्लिखित घटना पहिल्याउन सहज हुन्थ्यो । पुस्तकमा संगृहीत सामग्रीको समयावधिबारे केही भनिएको छैन । दोस्रो जनआन्दोलनका तस्बिर नभेटिएबाट पाठकले लगभग ५० वर्ष अघिदेखिको इतिहास भनेर अनुमान लगाउनुपर्ने हुन्छ । विषयगत हिसाबले वर्गीकरण गरिएकाले किताबका सामग्री समयक्रम अनुसार छैनन् । तर, सबैजसो खण्डभित्र विषयगत समयक्रमलाई मोटामोटी पछ्याउन खोजिएको देखिन्छ ।

अन्त्यमा, यो किताब नेपाली इतिहासको एउटा सुन्दर फोटो एल्बम हो । एउटा यस्तो एल्बम, जसले हामी सबैका तखता, आल्मारी, खोपा, झोला र बैठक कोठाहरूको गरिमा बढाउँछ । यो किताबको सशक्त पक्ष भनेको ५९१ ओटा फोटा हेरिसक्दा पनि धीत नमर्नु हो । यसको वैयक्तिकी नै यसको आकर्षण हो; यसभित्रको सार्वजनिकताको बृहतता नै यसको शक्ति हो । यसले पाठकमा कल्पना र व्याख्याका लागि बीउ छर्ने काम पनि गरेको छ (पिल्लै सन् २०२३) । जुन तहमा पुगेर तस्बिरहरूको उत्खनन र पुनःउत्पादन गरिएको छ त्यो बलियो प्रतिबद्धता, विषयप्रति गहिरो लगाव तथा धैर्य, लगन र सीपबाट मात्र सम्भव छ । तर, यसले जुन बृहत् एजेण्डा बोकेको छ, त्यसका लागि यो एक्लै अपूर्ण छ । (आखिर यो दृश्यात्मक अभिलेख न हो !) यसभित्रका छोटा क्याप्सनले (मुख्यतः पहिलो खण्डमा) कतिपय तस्बिरका लागि पर्याप्त सन्दर्भ दिन सकेका छैनन् । हुन त यहाँनेर यो पुस्तकका खास अपेक्षित पाठक को हुन् भन्ने कुराले पनि फरक पार्ला, जुन

अहिलेकै अवस्थामा चाहिँ नेपालको सामाजिक-राजनीतिक इतिहासमा खारिएको वृत्त भन्ने भान हुन्छ । त्यसो हुनु आफैमा गलत होइन तर यस्ता सामग्री नेपालको उथलपुथलयुक्त राजनीतिक इतिहासबारे फाट्टफुट्ट मात्र जान्ने नयाँ पुस्ताका लागि उनीहरूको सामूहिक इतिहासको सुझबुझ विकास गर्ने काममा झनै उपयोगी हुन सक्थ्यो भन्ने लोभ हो । त्यसका लागि चाहिँ किताबका तस्बिरहरू एक्लै अपर्याप्त लाग्दछन् । यसको एउटा उपाय खासखास ठाउँमा थप अध्ययनका लागि सन्दर्भ सामग्री दिने हुन सक्छ । कतिपय ठाउँमा तस्बिरको सामयिकता लगायत सामाजिक-राजनीतिक परिवेश बुझ्न सघाउने गरी क्याप्सनलाई नै तन्काउन पनि सकिएला । यसले महिलाका अनुभव र प्रतिरोधलाई एक्लै (आइसोलेटेड) नभई इतिहासको समग्र चित्रको समीपमा राखेर हेर्ने मौका दिन्छ, जुन प्रभावका हिसाबले एक्लै हेर्दाभन्दा बलियो हुन्छ ।

## सन्दर्भ सामग्री

गौतम, सावित्री । २०७८ । "हर हिस्ट्री" को दस्तावेजीकरण । *समानताको रिले दौड* । सावित्री गौतम, कैलाश राई र प्रत्यूष वन्त, सं., पृ. १–१२ । काठमाडौँ : मार्टिन चौतारी ।

Pillai, Akshaya. 2023. The Public Life of Women is an Engrossing Visual Archive of the Feminist History of Nepal. *Vogue India*, September 2, www.vogue.in/content/the-public-life-of-women-is-an-engrossing-visual-archive-of-the-feminist-history-of-nepal; accessed February 12, 2024.

Sharma, Sanjay. 2022. The Visual Anthropology of Migration Histories: Discovering the Mobility of Nepali Women Through Visuals. *Visual Anthropology* 35(3): 248–271.

Yami, Hisila. 2023. The Public Life of Women: Important Documentation of Feminist Achievements. *Onlinekhabar*, September 11, Available at https://english.onlinekhabar.com/the-public-life-of-women-a-book.html; accessed February 12, 2024.

**दुर्गा कार्की**
काठमाडौँ